प्रदेश सरकार
लुम्बिनी प्रदेश
शिक्षा तथा खेलकुद मन्त्रालय
बुटवल, नेपाल

# उच्च शिक्षामा मुक्तकमैया, कम्लहरी, मुस्लिम र सिमान्तकृत छात्रवृत्ति वितरण कार्यविधि, २०७९

प्रस्तावनाः मुक्त कमैया, कम्लहरी, मुस्लिम र सिमान्तकृत जातिबाट उच्च शिक्षा अध्ययन गर्ने छात्राहरुलाई उच्च शिक्षामा सरल र सहज पहुँच प्रदान गर्न, उच्च शिक्षाबाट अभिभावक र घरबार विहीन भएका त्यस्ता छात्राहरुलाई उच्च शिक्षा लिन अभिप्रेरित गर्न प्रदेश सुशासन ऐन, २०७६ को दफा ५३ बमोजिम लुम्बिनी प्रदेश सरकारले यो कार्यविधि जारी गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम **"उच्च शिक्षामा मुक्त कमैया, कम्लहरी, मुस्लिम र सिमान्तकृत छात्रवृत्ति वितरण कार्यविधि, २०७९"** रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) **"प्रदेश सरकार"** भन्नाले लुम्बिनी प्रदेश सरकारलाई सम्झनु पर्दछ।

ख) **"मन्त्रालय"** भन्नाले शिक्षा तथा खेलकूद मन्त्रालयलाई सम्झनु पर्दछ।

ग) **"निर्देशनालय"** भन्नाले मन्त्रालय अन्तर्गतको शिक्षा तथा सामाजिक विकास निर्देशनालय सम्झनुपर्छ।

घ) **"क्याम्पस"** भन्नाले उच्च शिक्षा अध्यापन गराउने मान्यता प्राप्त विश्वविद्यालयबाट सम्बन्धन लिई लुम्बिनी प्रदेशभित्र सञ्चालित आंगिक वा सामुदायिक क्याम्पस सम्झनुपर्दछ र सो शब्दले उच्च शिक्षाको पठनपाठन हुनेगरी यस प्रदेशभित्र सञ्चालित विश्वविद्यालयका केन्द्रीय क्याम्पसलाई समेत जनाउँछ।

ङ) **"आवासीय छात्रवृत्ति"** भन्नाले अभिभावक तथा घरवार विहिन भई छात्रावासमा बसी उच्च शिक्षाको नीति बमोजिम स्नातक वा स्नातकोत्तर तहमा नियमित रुपमा अध्ययन गरिरहेका छात्राहरुलाई प्रदान गरिने छात्रवृत्ति वापतको प्रोत्साहन रकमलाई सम्झनु पर्दछ।

च) **"सामान्य छात्रवृत्ति"** भन्नाले आफ्नो घरमा अभिभावकका साथमा बसी उच्च शिक्षाको नीति बमोजिम स्तातक वा स्नातकोत्तर तहमा नियमित रुपमा अध्ययन गरिरहेका छात्राहरुलाई प्रदान गरिने छात्रवृत्ति वापतको प्रोत्साहन रकमलाई सम्झनु पर्दछ।

छ) **"विद्यार्थी"** भन्नाले लुम्बिनी प्रदेश भित्रका जुनसुकै क्याम्पसमा स्नातक र स्नातकोत्तर तहमा अध्ययनरत **मुक्तकमैया, कम्लहरी, मुस्लिम र सीमान्तकृत** जातिको छात्रालाई जनाउँछ।

ज) **"मुक्त कमैया"** भन्नाले विना ज्याला वा न्यून ज्यालामा आफु वा आफ्नो परिवारले लिएको ऋण तिर्नका लागि विगतमा रोजगारदाता साहुको घरमा श्रमिकको रुपमा बसेका र हाल मुक्त भएका कमैया श्रमिक सम्झनुपर्दछ।

झ) **"मुक्त कम्लहरी"** भन्नाले समाजको कुप्रथा वा घरको आर्थिक समस्याका कारण निश्चित शर्त र बन्देजमा न्युन ज्यालामा मालिकको घरमा काम गर्न बसेका र मिति २०६६ साल चैत्र मसान्त भित्र पहिचान भई मुक्त भइसकेका नेपाल सरकारबाट प्रचलित कानून बमोजिम मुक्त कम्लहरीको परिचयपत्र प्राप्त गरेका किशोरीहरुलाई सम्झनुपर्दछ।

ञ) **"मुस्लिम"** भन्नाले मुस्लिम आयोगको सिफारिसमा नेपाल सरकारले मुस्लिम भनी परिभाषित गरेको समुदाय सम्झनुपर्छ।

कृष्ण प्रसाद पन्थ
सचिव

ट) "सिमान्तकृत जाति" भन्नाले नेपाल सरकारले सिमान्तकृत समूह भित्र पर्ने भनी सुचीकृत गरेका जाति सम्झनु पर्दछ।

ठ) "कार्यालय" भन्नाले सामाजिक विकास डिभिजन कार्यालय सम्झनुपर्छ र सो शव्दले निर्देशनालय मातहतको निकाय समेत लाई जनाउनेछ।

३. <u>मुल्याङ्कन तथा छनौट समिति रहने:</u> १) यस कार्यविधि बमोजिम प्रदान गरिने छात्रवृत्ति का लागि प्राप्त आवेदन मूल्याङ्कन गरी छात्रवृत्ति पाउने छात्राहरु छनौट गर्न निर्देशनालयमा देहाय बमोजिमको एक मुल्याङ्कन तथा छनौट समिति रहनेछ।

| | |
|---|---|
| क) निर्देशक, निर्देशनालय | संयोजक |
| ख) उच्च शिक्षा महाशाखा प्रमुख, शिक्षा तथा खेलकुद मन्त्रालय | सदस्य |
| ग) लुम्बिनी प्रदेश भित्रका उपर्युक्त समूहका विद्यार्थी अध्ययनरत सामुदायिक वा आंगीक क्याम्पसका क्याम्पस प्रमुख मध्येबाट निर्देशकको सिफारिसमा मन्त्रालयको सचिवबाट मनोनित एकजना क्याम्पस प्रमुख, | सदस्य |
| घ) कानून अधिकृत, मन्त्रालय | सदस्य |
| ङ) आर्थिक प्रशासन प्रमुख, निर्देशनालय | सदस्य |
| च) शाखा अधिकृत, उच्च शिक्षा शाखा, निर्देशनालय | सदस्य सचिव |

(२) उपदफा (१) बमोजिमको समितिले आफ्नो बैठकमा प्रचलित नियम बमोजिमको संख्यामा नबढ्ने गरी अन्य सदस्यहरु आमन्त्रित गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिका पदाधिकारी, आमन्त्रित सदस्य र सहयोगी कर्मचारीले नियमानुसारको बैठक भत्ता पाउनेछन्।

४. <u>योग्यता:</u> (१) देहायको योग्यता पुगेका छात्राहरु यस कार्यविधि बमोजिम वितरण गरिने छात्रवृत्ति प्राप्त गर्नका लागि योग्य हुनेछन:

क) लुम्बिनी प्रदेशभित्रका सामुदायिक तथा आंगिक क्याम्पसमा स्नातक वा स्नातकोत्तर तहमा अध्ययनरत,

ख) मुक्त कमैया, कम्लहरी, मुस्लिम र सीमान्तकृत जातिभित्र सुचिकृत,

ग) नेपाली नागरिक,

घ) लुम्बिनी प्रदेश भित्रको स्थायी बासिन्दा,

ङ) क्याम्पसको नियमित विद्यार्थीका रुपमा ७० प्रतिशत भन्दा बढी हाजिरी पुगेको,

च) अध्ययन कार्यका लागि अन्य सरकारी/अर्धसरकारी निकायबाट छात्रवृत्ति प्राप्त नगरेको, तर, अन्य संघ संस्था वा निकायबाट छात्रवृत्ति प्राप्त गर्ने छात्राहरुलाई निजले पाउने छात्रवृत्ति यस कार्यविधि बमोजिम पाउने छात्रवृत्ति भन्दा कम रहेछ भने यस कार्यविधि बमोजिम पाउने आवासीय छात्रवृत्तिबाट उक्त रकम घटाइ बाँकी हुन आउने छात्रवृत्ति उपलब्ध गराउन सकिनेछ।

छ) आवासीय छात्रवृत्तिका लागि बेरोजगार, अविवाहित, अभिभावक र घरवार विहिन।

(२) उपदफा (१) बमोजिमको योग्यता पुगेका विद्यार्थीले यस कार्यविधि बमोजिम वितरण गरिने छात्रवृत्तिका लागि दिने निवेदनसाथ देहाय बमोजिमका कागजात संलग्न राखी निवेदन दिनुपर्नेछ:



कृष्ण प्रसाद पन्थ
सचिव

क) स्नातक तहको छात्रवृत्तिका लागि कक्षा १२ उत्तीर्ण गरेको र स्नातकोत्तर तहको छात्रवृत्तिका लागि स्नातक उत्तीर्ण गरेको प्रमाणपत्रको प्रतिलिपि।

ख) क्याम्पसमा भर्ना भई नियमित रुपमा अध्ययनरत रहेको र ७० प्रतिशत भन्दा बढी हाजिरी भएको सम्बन्धित क्याम्पसको सिफारिस।

ग) आवेदक मुक्त कमैया वा कम्लहरी भएको सरकारी निकायबाट जारी सिफारिस वा प्रमाण पत्र।

घ) मुस्लिम र सीमान्तकृत जातिभित्र सूचिकृत सम्बन्धी सरकारी निकायबाट जारी सिफारिसपत्र।

ङ) अन्य निकायबाट छात्रवृत्ति नपाएको सम्बन्धित क्याम्पसको सिफारिस पत्र।

च) लुम्बिनी प्रदेशमा स्थायी बासिन्दा भएको भनी सम्बन्धित स्थानीय तहको सिफारिस पत्र।

छ) आवासीय छात्रवृत्तिको हकमा अविवाहित रही अभिभावक तथा घरवार विहिन भई छात्रावासमा बसी अध्ययन गरिरहेको व्यहोराको सम्बन्धित स्थानीय तह र सम्बन्धित छात्रावासको सिफारिस।

ज) आफ्नो नाममा खाता रहेको बैंकको खाता नम्बर।

५. <u>सूचना प्रकाशन गरिने:</u> (१) यस कार्यविधि बमोजिम वितरण गरिने छात्रवृत्तिको आवेदनका लागि निर्देशनालयले राष्ट्रिय दैनिक पत्रिकामा तीस दिनको म्याद राखी सूचना प्रकाशन गर्नुपर्नेछ। साथै यस्तो सूचना आफ्नो वेभसाइटमा समेत राख्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना बमोजिम छात्रवृत्तिका लागि सम्बन्धित विद्यार्थीले आफूले अध्ययन गरिरहेको क्याम्पसमा निवेदन दिनुपर्नेछ।

(३) उपदफा (१) बमोजिम को म्यादभित्र आफूसमक्ष प्राप्त भएका आवेदनहरु सम्बन्धित क्याम्पसले आवश्यक जाँच गरी म्याद समाप्त भएको दश दिन भित्र दर्ता भएको मिति समेतको विवरणसहित का सक्कलै कागजात कार्यालय समक्ष आइपुग्ने गरी पठाइसक्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त भएका कागजात तथा अन्य विवरण उपर कार्यालयले आवश्यक जाँच गरी पन्ध्र दिनभित्र निर्देशनालय समक्ष पठाउनु पर्नेछ।

(५) उपदफा (१) बमोजिमको अवधिभित्र क्याम्पसमा दर्ता नभएका र उपदफा (३) बमोजिम सम्बन्धित क्याम्पसबाट कार्यालय समक्ष प्राप्त हुन नसकेका तथा आवश्यक कागजात नपुगेका निवेदन उपर कुनै कारवाही गरिने छैन।

६. <u>छात्रवृत्तिको सुविधा तथा सुविधा प्रदान गर्ने विधि:</u> (१) यस कार्यविधि बमोजिम वितरण गरिने छात्रवृत्तिको रकम देहाय बमोजिम प्रदान गरिनेछ:

(क) आवासीय छात्रवृत्ति मासिक चार हजार रुपैंयाका दरले बाह्र महिनाको एकमुष्ठ हुन आउने रकम। (आवासीय छात्रवृत्ति अभिभावक तथा घरवार विहिन विद्यार्थीले मात्र पाउने र निजहरु छुट्टिको समयमा पनि छात्रावासमा नै बस्ने भएको हुनाले बाह्र महिनाकै छात्रवृत्ति प्रदान गर्ने)

(ख) सामान्य छात्रवृत्ति मासिक पाँचसय रुपैंयाका दरले दश महिनाको एकमुष्ठ हुन आउने रकम।

(२) उपदफा (१) बमोजिम वितरण गरिने छात्रवृत्तिको रकम सम्बन्धित विद्यार्थीको बैंक खातामा पठाइने छ।



कृष्ण प्रसाद
सचिव

(३) उपदफा (२) बमोजिम सम्बन्धित विद्यार्थीको बैंक खाता उपलब्ध हुन नसकेमा सम्बन्धित क्याम्पसको खातामा जम्मा गरी सो को जानकारी क्याम्पसलाई दिइनेछ।

(४) उपदफा (२) बमोजिम आफ्नो खातामा जम्मा भएको छात्रवृत्ति वापतको रकम सम्बन्धित विद्यार्थीलाई भुक्तानी दिइ सो सम्बन्धि आवश्यक कागजात क्याम्पसले एक महिनाभित्र कार्यालय समक्ष पेश गर्नुपर्नेछ। यसरी प्राप्त भएको विवरण कार्यालयले पन्ध्र दिनभित्र निर्देशनालय समक्ष पठाउनुपर्नेछ।

७. **मन्त्रालयको निर्णय अन्तिम हुने:** यस कार्यविधिमा व्यवस्था गरिएको प्रावधानका सम्बन्धमा मन्त्रालयको निर्णय अन्तिम हुनेछ।

८. **कार्यविधिमा संशोधन गर्न सक्ने:** प्रदेश सरकारले आफ्नो वार्षिक नीति तथा कार्यक्रम र बजेट अनुरुप यस कार्यविधिमा आवश्यकता अनुसार संशोधन, परिमार्जन वा खारेजी गर्न सक्नेछ।

कृष्ण प्रसाद पन्थ
सचिव